# सिगास गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट बक्तब्य

सिगास गाउँपालिका, सत्रौँ अधिवेशन, दोस्रो बैठकका अध्यक्ष एवम् सिगास गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सभामा उपस्थित गाउँसभाका सदस्यज्यूहरु, सिगास गाउँपालिकाका कर्मचारीहरु, विभिन्न क्षेत्रको प्रतिनिधित्व गरी गाउँसभामा उपस्थित हुनु भएका विशिष्ट महानुभावहरु, यस कार्यक्रमलाई सम्प्रेषण गर्नुहुने संचारकर्मी मित्रहरु, स्वदेश तथा विदेशबाट यस कार्यक्रमको प्रत्यक्ष प्रसारणमा जोडिनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत व्यक्त गर्दछु ।

यस महत्त्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि आफ्नो अमूल्य जीवनको आहुती दिनुहुने अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु ।

सिगास गाउँपालिका, गाउँसभा समक्ष सिगास गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गर्व महसुस भईरहेको छ ।

सिगास गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानून, गाउँसभाबाट मिति २०८२ बैशाख १९ गते पारित आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्वन गरेका नीति, कार्यक्रम तथा बजेट समेतलाई आधार मानी तयार गरिएको छ । बजेट तर्जुमाका सिलसिलामा स्थानीय राजस्व परामर्श समिति, अन्य विषयगत समितिहरु, विभिन्न संघसंस्था, नागरिक समाज लगायत सबैबाट प्राप्त सुझावलाई समेत ध्यान दिईएको छ ।

**आदरणीय गाउँसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

अब म यस सभा समक्ष चालु आर्थिक वर्ष २०८१/०८२ को आम्दानी तथा खर्चको समग्र अवस्था सम्बन्धमा संक्षेपमा समीक्षा गर्ने अनुमती चाहन्छु ।

**आम्दानीतर्फ**

सिगास गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा कूल आम्दानी रु. ४९ करोड ५ लाख ७३ हजार ५ सय ९० दशमलव ९७ हुने अनुमान गरिएकोमा सम्वत् २०८२ जेठ मसान्तसम्ममा गरी कूल जम्मा आम्दानी रु. ४२ करोड ५८ लाख ५ हजार ५ सय ५१ दशमलव ९ भएको छ, जुन लक्ष्यको तुलनामा ८६ दशमलव ७९ प्रतिशत हुन आउछ ।

**विनियोजन तर्फः**

चालु आर्थिक वर्ष २०८१/०८२ का लागि सिगास गाउँपालिकबाट कूल बजेट रु. ४९ करोड ५ लाख ७३ हजार ५ सय ९० दशमलव ९७ विनियोजन गरिएको थियो । बिनियोजित बजेटमध्ये २०८२ जेठ मसान्तसम्ममा चालुतर्फ रु २७ करोड ११ लाख ६६ हजार ७ सय १८ दशमलव २ र पुँजीगत एवम्

पूर्वाधारतर्फ रु ५ करोड १९ लाख ३२ हजार ४३ दशमलव ४४ गरी कूल खर्च ३२ करोड ३० लाख ९८ हजार ७ सय ६१ दशमलव ४६ भएको छ। जुन अनुमानित खर्चको ६५ दशमलव ८६ प्रतिशत हुन आउँछ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आर्थि वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु। आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका उद्देश्य हाँसिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेकी छु।

- उपलब्ध श्रोत, सूचना र मानव संशाधनको उच्चतम परिचालन गर्दै विकासको गतिलाई तिव्रता दिने विषयहरु,
- सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास मार्फत समुन्नत र समाजबाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणमा गाउँपालिकाको आर्थिक गतिविधिहरु मार्फत योगदान गर्ने विषयहरु,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई टेवा पुग्ने कार्यक्रम संचालन गर्ने विषयहरु,
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धि मा सघाउ पुऱ्याउने विषयहरु।

**गाउँसभाका आदरणीय अध्यक्ष तथा सदस्यज्यूहरु,**

**<u>आयतर्फः</u>**

सिगास गाउँपालिकाको नीति तथा कार्यक्रमलाई साकार पार्न आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि कूल रु. ५५ करोड ९० लाख ७४ हजार १०९ को अनुमानित बजेट तथा कार्यक्रम तयार गरिएको छ। नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानतर्फ रु. ९ करोड ६० लाख र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदानतर्फ रु. ८२ लाख ३० हजार, नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडतर्फ रु. १० करोड ७३ लाख ९८ हजार १ सय ९, प्रदेश सरकारबाट प्राप्त हुने राजस्व (सवारी कर) २९ लाख ७१ हजार, नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फ रु. २२ करोड ९९ लाख र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फ रु ७० लाख, आन्तरिक आयतर्फ रु. ७६ लाख १५ हजार, चालु आ.व. मा हुन सक्ने बैंक मौज्दात रु. ४ करोड ७० लाख ६० हजार समेत गरी कूल रु. ५५ करोड ९० लाख ७४ हजार १०९ आम्दानी हुने अनुमान गरिएको छ।

**व्यय तर्फ**

आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि रु. ५६ करोड ४२ लाख ७४ हजार १०९ अनुमान गरिएको छ। जसमध्ये चालु तर्फ जम्मा विनियोजन रकम रु. ३७ करोड ५३ लाख ६७ हजार १ सय ९ (जुन ६६

दशमलव ५२ प्रतिशत) र पुँजीगत तर्फ रु. १८ करोड ८९ लाख ७ हजार (जुन ३३ दशमलव ४८ प्रतिशत) रकम विनियोजन गरिएको छ।

नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फ रु. २२ करोड ९९ लाख र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फ रु. ७० लाख गरी जम्मा रु. २३ करोड ६९ लाखको श्रोत सुनिश्ति भएको छ। संघीय तथा प्रदेश समानीकरण, राजस्व बाँडफाँड, समपुरक तथा विशेष अनुदान र आन्तरिक श्रोतबाट खर्चका लागि तपसिल बमोजिम अनुमान गरिएको छ।

**चालु तर्फः**

| क्र.सं. | शीर्षक | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २ करोड ४९ लाख ५० हजार | |
| २ | पदाधिकारी सेवा सुविधा | ८० लाख | |
| ३ | पोशाक भत्ता | ८ लाख | |
| ४ | स्थानीय भत्ता | ११ लाख ९ हजार ८ सय | |
| ५ | महंगी भत्ता | १८ लाख | |
| ६ | कर्मचारीको बैठक भत्ता | २ लाख | |
| ७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५० हजार | |
| ८ | अन्य भत्ता | २ लाख | |
| ९ | पदाधिकारी बैठक भत्ता | १५ लाख | |
| १० | कर्मचारी कल्याण कोष | ५० लाख | |
| ११ | पानी तथा बिजुली | ५ लाख | |
| १२ | संचार महसुल | ८ लाख | |
| १३ | इन्धन (पदाधिकारी) | ७ लाख | |
| १४ | इन्धन (कर्मचारी) | ७ लाख | |
| १५ | सवारी साधन मर्मत खर्च | १५ लाख | |
| १६ | बिमा तथा नवीकरण खर्च | ३ लाख ५० हजार | |

| | | | |
|---|---|---|---|
| १७ | मेशिनरी तथा औजार मर्मत सम्भार तथगा संचालन खर्च | २५ लाख | |
| १८ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १५ लाख | |
| १९ | मसलन्द तथा कार्यालय सामाग्री | ३५ लाख | |
| २० | पुस्तक तथा सामाग्री खर्च | ३ लाख | |
| २१ | इन्धन- अन्य प्रयोजन | ३ लाख | |
| २२ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १० लाख | |
| २३ | अन्य कार्यालय संचालन खर्च | ५ लाख | |
| २४ | करार सेवा शुल्क | २ करोड ५० लाख | |
| २५ | कर्मचारी तालिम खर्च | ४ लाख | |
| २६ | कार्यक्रम खर्च | २० लाख | |
| २७ | अनुगमन, मूल्याङ्कन खर्च | २ लाख | |
| २८ | कर्मचारी भ्रमण खर्च | २० लाख | |
| २९ | पदाधिकारी भ्रमण खर्च | १७ लाख | |
| ३० | अन्य भ्रमण खर्च | १ लाख ५० हजार | |
| ३१ | विविध खर्च | ३३ लाख | |
| ३२ | सभा सञ्चालन खर्च | १० लाख | |
| ३३ | छात्रवृत्ति | २० लाख | |
| ३४ | औषधी खरिद खर्च | १५ लाख | |
| ३५ | घरभाडा | २ लाख | |
| ३६ | अन्य भाडा | १८ लाख | |
| ३७ | शैक्षिक कार्यक्रम | २० लाख | |
| ३८ | स्वास्थ्य तर्फ कार्यक्रम खर्च | १० लाख | |

| | | | |
|---|---|---|---|
| ३९ | स्मार्ट हेल्थ सेवा कार्यक्रम खर्च | ५ लाख | |
| ४० | शैक्षिक संस्थालाई अनुदान | ३ करोड | |
| ४१ | अन्य संस्था सहायता | ५ लाख | |
| ४२ | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | ३५ लाख | |
| ४३ | कृषि बिकास कार्यक्रम | १५ लाख | |
| ४४ | पशु बिकास कार्यक्रम | १५ लाख | |
| ४५ | पञ्जीकरण शाखा | १ लाख २९ हजार | |
| ४६ | न्यायिक समिति | ६ लाख ५० हजार | |
| ४७ | उपाध्यक्ष कोसेली कार्यक्रम | ६ लाख | |
| ४८ | महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका | ४ लाख २६ हजार | |
| ४९ | स्वीपर व्यवस्थापन | २ लाख ५२ हजार ३०९ | |
| ५० | जग्गा वर्गीकरण | १५ लाख | |
| ५१ | मातृत्त्व जोगाउ अभियान, किशोर किशोरी समूह गठन | ४ लाख | |
| ५२ | लक्षित वर्ग | २० लाख | |
| **जम्मा** | | **१४ करोड ५४ लाख ६७ हजार १ सय ९** | |

## पुँजीगत तर्फः

| **क्र.सं.** | **शीर्षक** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | आर्थिक विकास तर्फ (अनुसूची २) | ८८ लाख ५० हजार | |
| २ | सामाजिक विकास तर्फ (अनुसूची ३) | २ करोड ३८ लाख | |
| ३ | पूर्वाधार विकास तर्फ (अनुसूची ४) | ३ करोड ३५ लाख ५० हजार | |
| ४ | राष्ट्रिय रोजगार कार्यक्रम | ३३ लाख ७२ हजार | |
| ५ | मठ मन्दिर | १ करोड १० लाख | |
| ६ | सडक सफाई | ५० लाख | |
| ७ | गाउँपालिका सदरमुकाम जोड्ने सडक (श्रीभावर-दोगाड-लेक-गर्जे सडक) | ५० लाख | |
| ८ | कन्टिन्जेन्सी | ४५ लाख | |

| | | | |
|---|---|---|---|
| ९ | सेवा तथा परामर्श खर्च | २० लाख | |
| १० | DPR, IEE तथा EIA | २० लाख | |
| ११ | क्रमागत योजना | २ करोड ७० लाख ६० हजार | |
| क. | सिगासधुरा मन्दिर निर्माण | ३७ लाख १० हजार | |
| ख. | कालपोखरी मन्दिर निर्माण | ३१ लाख ५० हजार | |
| ग. | देउलेक मन्दिर निर्माण वडा नं. ४ | ५६ लाख | |
| घ. | भौनेलीमाण्डौँ मन्दिर निर्माण लेकम  वडा नं. ६ | २५ लाख | |
| ङ. | ओखलसैनी खेलमैदान वडा नं. ४ | ३० लाख | |
| च. | दोगाड ल.ज.वि. वडा नं. ९ | २९ लाख | |
| छ. | आधारभूत अस्पताल फिल्ड निर्माण वडा नं ८ | २० लाख | |
| ज. | जालहाल्ला कृषि सडक वडा नं. ९ | ३ लाख | |
| **१२** | **विशेष योजना** | **३ करोड १८ लाख** | |
| क. | संघीय विशेषः वालकृष्ण मा.वि. घेरपर्खाल तथा फिल्ड निर्माण | १ करोड १६ लाख ८२ हजार | |
| ख. | अर्जुन मा.वि. गाँजरी भवन निर्माण | ९६ लाख | |
| ग. | ठुलोखोला सिचाई आयोजना | ३० लाख १८ हजार | |
| घ. | प्रदेश विशेष: गजिण खानेपानी तथा सरसफाई योजना सिगास ३ | २५ लाख | |
| ङ. | प्रदेश विशेषः लक्षित वर्ग सीप विकास तथा आयआर्जन कार्यक्रम | २५ लाख | |
| च. | प्रदेश विशेषः गणेश मावि लेकम र शारदा मावि ढुङ्गाडको शैक्षिक गुणस्तर बृद्धि कार्यक्रम | २५ लाख | |
| **१३** | **समपुरक योजना** | **२ करोड ६३ लाख ७५ हजार** | |
| क. | संघ समपुरक (सिगास आ.वि. ओखलसैनी भवन तथा शौचालय निर्माण) | १ करोड ८० लाख | |
| ख. | प्रदेश समपुरक (शिवलिङ्ग मा.वि. बगर धौलाडी भवन निर्माण (४ कोठे) | ८३ लाख ७५ हजार | |
| **१४** | **प्रदेश सशर्त कार्यक्रमहरु पुँजीगत** | ७० लाख | |

| | | | |
|---|---|---|---|
| क | पहरौलमाण्डौँ मन्दिर निमार्ण सिगास ९ | १० लाख | |
| ख | तल्लो नागाडे तटबन्धन सिगास ६ | १० लाख | |
| ग | सल्ले मन्दिर पहिरो संरक्षण सिगास ७ सागडा | १० लाख | |
| घ | अङ्गरसाई मन्दिर पूर्वाधार निर्माण सिगास ९ | १० लाख | |
| ङ | अंगर शाही मन्दीर संरक्षण प्रवर्द्धन सिगास ७ | १० लाख | |
| च | कुल्लेबगर पहिरो नियन्त्रण सिगास ५ | १० लाख | |
| छ | अङ्गरसाई मन्दिर पूर्वाधार निर्माण सिगास ९ | १० लाख | |
| **जम्मा (पुंजी)** | | **१८ करोड  ४१ लाख ७ हजार** | |

**अनुसूची-२**
**आर्थिक विकास तर्फ**

| क्र.सं. | उपक्षेत्र | आयोजनाको नाम | वडा | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | आपूर्ती | खर्केउडा पातलमाण्डौँ आटा मिल | 1 | ४ लाख | |
| २ | | ठेउका घट्ट निर्माण | 2 | १ लाख ५० हजार | |
| ३ | | जोलाबाँज घट्ट निर्माण | 8 | ३ लाख | |
| ४ | | डाँडा घट्ट मर्मत | 8 | १ लाख ५० हजार | |
| ५ | | हलने घट्ट मर्मत | 8 | १ लाख ५० हजार | |
| ६ | | खोलीधार मगरकोट घट्ट निर्माण | 8 | ३ लाख | |
| ७ | | पहरलमाण्डौँ घट्ट निर्माण | 9 | २ लाख | |
| ८ | | चिउरी पिसानी मिल गन्सुर | 9 | २ लाख | |
| ९ | | गहुँ र मकै पिस्ने चक्की वडा नं. 1,2,3,5 | | ८ लाख | |
| १० | उर्जा | पातलीगाड ल.ज.वि. कुलो मर्मत | 9 | २ लाख | |
| ११ | | चुँवागाड ल.ज.वि. कुलो मर्मत | 9 | २ लाख ५० हजार | |
| १२ | पर्यटन | शिव मन्दिर गाँजरी | 2 | १० लाख | |
| १३ | | भूमिराज मन्दिर निर्माण रोडिगढ | 2 | १ लाख ५० हजार | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | | दलितबस्ती देउघर र गोरेखालो निर्माण | 3 | ४ लाख ५० हजार | |
| १५ | | डाँडाबाग मन्दिर घेरपर्खाल र महादेव मन्दिर RCC बाटो निर्माण | 6 | २ लाख | |
| १६ | | कैलपाल मन्दिर निर्माण खेती | 6 | १ लाख ५० हजार | |
| १७ | | भवानी मन्दिर निर्माण न्वाघर | 7 | ५ लाख | |
| १८ | | नौलो मन्दिर निर्माण चामा | 7 | २ लाख | |
| १९ | | निलपाल मन्दिर निर्माण | 8 | ३ लाख | |
| २० | | देउखला फिल्ड निर्माण | 9 | ७ लाख | |
| २१ | | श्रीभावर प्रतिक्षालय निर्माण | 9 | ३ लाख | |
| २२ | | दुदिलाखान गेट निर्माण | 1 | १ लाख ५० हजार | |
| २३ | | भुमिराज माणौँ मन्दिर निर्माण | 9 | ३ लाख | |
| जम्मा | | | | | |

| क्र.सं. | उपक्षेत्र | आयोजनाको नाम | वडा | रकम |
|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई | जुकेपानी खोला ब्रह्मपुर धनाडी खानेपानी योजना | 1 | ६ लाख |
| २ | | दाव टकरे जुकेपानी ईरानाधुरा खानेपानी मर्मत | 1 | ५ लाख |
| ३ | | त्वापड खानेपानी धारा निर्माण | 1 | २ लाख |
| ४ | | माडौँ खानेपानी योजना | 1 | १९ लाख |
| ५ | | न्वालाखोला मूल संरक्षण | 2 | ३ लाख |
| ६ | | तल्लो खोल्टे खानेपानी योजना | 2 | ३ लाख |
| ७ | | पानीका ईजर पानी ट्याङ्की मर्मत | 2 | १ लाख ५० हजार |
| ८ | | बुरउसे खानेपानी मुहान संरक्षण | 2 | १ लाख |
| ९ | | पड्याल्ला खानेपानी गाँजरी | 2 | ८ लाख |
| १० | | ईराना विचगाउँ खानेपानी मर्मत | 3 | ४ लाख |

| | | | | |
|---|---|---|---|---|
| ११ | | हिउनाए खानेपानी टंकी | 3 | ३ लाख |
| १२ | | रौसीखोला खानेपानी योजना खाँण | 3 | ३ लाख ५० हजार |
| १३ | | कोटिली खानेपानी | 3 | ३ लाख |
| १४ | | भगतपुर चडेपानी खानेपानी मर्मत | 3 | ५ लाख |
| १५ | | गाउँघर क्लिनिक र सरस्वती आ.वि. शौचालय मर्मत | 3 | १ लाख ५० हजार |
| १६ | | धमकट्टे पिपलगाडा खानेपानी योजना | 3 | २ लाख |
| १७ | | पारिपातल खानेपानी योजना | 4 | ५ लाख |
| १८ | | गिठिखोला तल्लासैनी खानेपानी योजना | 4 | ४ लाख |
| १९ | | कालावन खानेपानी मर्मत | 4 | १ लाख |
| २० | | हतसुण्डा चिरोलापानी खानेपानी मर्मत | 4 | ३ लाख |
| २१ | | भुणेसल्ला खानेपानी योजना | 5 | ३ लाख |
| २२ | | खैरकोट न्वालो मर्मत | 5 | ३ लाख |
| २३ | | कैलपाल आ.वि. शौचालय निर्माण | 5 | ३ लाख |
| २४ | | लामबगर चुने जवद खानेपानी योजना | 5 | ४ लाख |
| २५ | | बाजिरक्सौन डाँडा नाकरा खानेपानी योजना | 6 | ५ लाख |
| २६ | | सिताराम आ.वि. शौचालय निर्माण | 6 | ३ लाख |
| २७ | | जोगीच्च्यूरा खानेपानी योजना | 6 | ७ लाख ५० हजार |
| २८ | | नेउलाली दलित बस्ती खानेपानी | 7 | १ लाख |
| २९ | | धर्मघर मेल्टा खानेपानी योजना | 7 | २ लाख |
| ३० | | मुसलीखोला खानेपानी योजना टोटेर | 7 | २ लाख |
| ३१ | | बालकृष्ण मा.वि. शौचालय निर्माण | 7 | २ लाख |
| ३२ | | बाजानेटा भुम्क खानेपानी | 7 | १ लाख ५० हजार |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | लुपुड खानेपानी योजना | 8 | २ लाख |
| ३४ | | कुल्लेनी खानेपानी | 8 | ३ लाख |
| ३५ | | ईजरगाडा खानेपानी मर्मत | 8 | १ लाख ५० हजार |
| ३६ | | चिण्डोले पानीफुट्टा ट्याङ्की निर्माण | 8 | १ लाख |
| ३७ | | उदय मा.वि. गन्सुर शौचालय निर्माण | 9 | ५ लाख |
| ३८ | | जमिराड खानेपानी मर्मत | 9 | २ लाख |
| ३९ | खेलकुद | ओखलसैनी खेलमैदान | 4 | २० लाख |
| ४० | शिक्षा | नरेन्द्रपुर मा.वि. तला थप | 1 | १० लाख |
| ४१ | | जनचेतना आ.वि. छाना मर्मत | 1 | २ लाख |
| ४२ | | रण आ.वि. कोटिला फिल्ड तथा घेर पर्खाल निर्माण | 2 | ८ लाख |
| ४३ | | शिवलिङ्ग मा.वि. धौलाडी घेरपर्खाल निर्माण | 2 | ७ लाख |
| ४४ | | शिवशंकर आ.वि. छाना तथा वाल निर्माण | 3 | २ लाख ५० हजार |
| ४५ | | कैलपाल आ.वि. गडिगाउँ शौचालय निर्माण | 4 | २ लाख |
| ४६ | | देउलेक आ.वि. भवन मर्मत तथा फिल्ड निर्माण | 4 | ५ लाख |
| ४७ | | महादेव आ.वि. लामबगर झ्यालढोका र घेरबार निर्माण | 5 | २ लाख |
| ४८ | | महादेव मा.वि. काँडा ४ कोठे भवन निर्माण | 6 | १३ लाख |
| ४९ | | सकरकाँडा बालबिकास केन्द्र | 7 | १ लाख |
| ५० | | जनचेतना आ.वि. फिल्ड निर्माण | 8 | १ लाख ५० हजार |
| ५१ | | लेकलुपुड मा.वि. भवन मर्मत | 8 | १५ लाख |
| ५२ | स्वास्थ्य | वर्थिङ सेन्टर धौलाडी घेरपर्खाल निर्माण | 2 | ६ लाख |
| ५३ | | स्वास्थ्य चौकी झ्याल ढोका निर्माण | 5 | २ लाख |
| ५४ | | थलाकाँडा स्वास्थ्य चौकी छाना निर्माण | 6 | ४ लाख ५० हजार |

| | | | | |
|---|---|---|---|---|
| ५५ | | शिवलिङ्ग स्वास्थ्य चौकी मर्मत सम्भार | 8 | १ लाख ५० हजार |
| जम्मा | | | | २ करोड ३८ लाख |

| क्र.सं. | उपक्षेत्र | आयोजनाको नाम | वडा | रकम |
|---|---|---|---|---|
| १ | स्थानीय सडक, पुल तथा बाटो | विन्द्रावन खन्तड टकरे सडक सुधार | 1 | ५ लाख |
| २ | | खर्केउडा बेसरा सडक सुधार | 1 | ५ लाख |
| ३ | | खन्तड नरेन्द्रपुर सडक निर्माण | 1 | ४ लाख |
| ४ | | गद्दिवसे नरेन्द्रपुर सडक निर्माण | 1 | ४ लाख |
| ५ | | बल्लेकान  सडक जाली वाल निर्माण | 1 | ३ लाख |
| ६ | | कोटिलीमा नाली तथा ग्याविन जाली निर्माण कार्य | 3 | २० लाख |
| ७ | | पुनढोड खैरकोट सडक निर्माण | 5 | ३० लाख |
| ८ | | गहतपिड कोसडे घोरेटो बाटो निर्माण | 5 | १ लाख ५० हजार |
| ९ | | छिल्ला माडौँखेत शारदा मा.वि. बाटो निर्माण | 5 | १ लाख ५० हजार |
| १० | | पस्याड बागडा सडक | 6 | २४ लाख |
| ११ | | वडा कार्यालय हुँदै भट्टाड थाला सडक | 6 | १७ लाख |
| १२ | | सकरकाँडा सडक | 6 | १० लाख |
| १३ | | भौनेलीमाण्डौं मौरीबगर सडक निर्माण | 7 | ६० लाख |
| १४ | | बोरी घोरेटो बाटो मर्मत | 7 | १ लाख |
| १५ | | ठुलीखाली पारिवन लेक माडौँ सडक निर्माण | 8 | २० लाख |
| १६ | | पाटाखोला चौखाम सडक निर्माण | 9 | १० लाख |
| १७ | | भौती सडक निर्माण | 9 | ६ लाख |

| | | | | |
|---|---|---|---|---|
| १८ | | जाडेवाटा सडक निर्माण | 9 | ५ लाख |
| १९ | | देउखला देहीमाण्डौं PCC बाटो निर्माण | 9 | ३ लाख |
| २० | | हाँडेओखर च्वाँ सडक निर्माण | 9 | ९ लाख |
| २१ | भवन | वडा भवन मर्मत | 2 | ५ लाख |
| २२ | | सामुदायिक भवन निर्माण मैनोला | 3 | ४ लाख |
| २३ | | वडा कार्यालयमा ग्रील वाल र फर्निचर निर्माण | 3 | २ लाख |
| २४ | | गोरेघर निर्माण चमडेखर्क | 3 | ३ लाख ५० हजार |
| २५ | | वडा कार्यालय खानेपानी झ्याल ढोका निर्माण | 5 | ३ लाख |
| २६ | | वडा कार्यालय व्यवस्थापन | 7 | १ लाख |
| २७ | | शिवमन्दिर भवन भवन र पिपल चौतारो | 5 | ४ लाख |
| २८ | सिँचाई | बसेडा सिँचाई | 1 | ८ लाख |
| २९ | | गैरा बगडीगाउँ सिँचाई पोखरी निर्माण | 2 | ५ लाख |
| ३० | | विरा सिँचाई पोखरी | 3 | ३ लाख ५० हजार |
| ३१ | | उस्कला सिँचाई योजना | 3 | १० लाख |
| ३२ | | सिँचाई टंकी मर्मत र मसानी देवता थापना खोला | 3 | ३ लाख |
| ३३ | | बल्लेकान सिँचाई पोखरी निर्माण | 3 | १ लाख ५० हजार |
| ३४ | | धुनेखोला सिँचाई | 3 | ४ लाख |
| ३५ | | मुनेखोला गढ्तोला सिँचाई | 4 | १० लाख |
| ३६ | | उकलदैना बान कुलो निर्माण | 5 | ३ लाख |
| ३७ | | खुचाखेत सिलाजु सिँचाई योजना | 5 | ३ लाख |
| ३८ | | मगराउँ मुहान सिँचाई टंकी भुवाखला | 6 | ३ लाख |
| ३९ | | बड्खोला सिँचाई योजना न्वाघर | 7 | ५ लाख |

| | | | | |
|---|---|---|---|---|
| ४० | | स्याला सिँचाई मर्मत नेउलाली | 7 | ३ लाख |
| ४१ | | राजाखोला कोछेनी मगरकोट सिँचाई योजना | 8 | ९ लाख |
| ४२ | तटबन्धन | बैरेबगर तटबन्धन | 8 | १ लाख ५० हजार |
| ४३ | | खनिगाड च्वाँ तटबन्धन | 9 | १ लाख ५० हजार |
| जम्मा | | | | ३ करोड ३५ लाख ५० हजार |

**अनुसूची- ५**
**राष्ट्रिय रोजगार तर्फ**

| क्र.सं. | आयोजनाको नाम | वडा | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बजकोट चौड बेसरा RCC बाटो निर्माण | 1 | ३ लाख | |
| २ | सव सेन्टर पुरानो स्वास्थ्य रहेको भवन मर्मत | 2 | ३ लाख | |
| ३ | वडा कार्यालय खानेपानी योजना | 3 | ३ लाख | |
| ४ | देउलेक आ.वि. भवन मर्मत | 4 | ३ लाख | |
| ५ | खैरकोट वर्थिङ्ग सेन्टर | 5 | ३ लाख | |
| ६ | हरडाखानी सिँचाई पोखरी तथा धारा निर्माण | 5 | ३ लाख | |
| ७ | डाँडाबाग मन्दिर घेरपर्खाल र महादेव मन्दिर RCC बाटो | 6 | ३ लाख | |
| ८ | खेतकोट खोपकेन्द्र निर्माण र बगाली खोपकेन्द्र निर्माण | 7 | ३ लाख | |
| ९ | लुपुड खानेपानी योजना | 8 | ३ लाख | |
| १० | शंकर आ.वि. शौचालय निर्माण | 9 | ३ लाख | |
| ११ | देउलेक मन्दिर शौचालय निर्माण | 4 | ३ लाख ३२ हजार | |
| जम्मा | | | ३३ लाख ७२ हजार | |

अन्त्यमा, सिगास गाउँपालिकाको विकासमा हातेमालोका लागि सम्पूर्ण गाउँपालिकाबासी, गाउँपालिकाका कर्मचारीहरु, करदाता महानुभावहरु, विकास साझेदार संघसंस्थाहरु, सरकारी, गैरसरकारी तथा सामुदायिक संघ संस्थाहरु, संचार जगतप्रति हार्दिक अपील गर्दछु । यस बजेटको सफल कार्यान्वयनमा सबै पक्षहरुको साथ र सहयोगको समेत अपेक्षा गरेकी छु ।

धन्यवाद!

धाना धामी

उपाध्यक्ष

सिगास गाउँपालिका